# जोरायल राजपत्र


## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १३ मिति २०८० चैत्र २ गते


## भाग २

## जोरायल गाउँपालिकाको सूचना

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;**

संवत् २०८० को कार्यविधि नं .१३

## बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/११/३०

जोरायल गाउँपालिका

## पृष्ठभूमि

देशको कूल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाई भन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेकोमा दुईमत छैन । नेपालको जमीन बर्षेनी नदी कटानबाट बगरमा परिणत भईरहेकाले खेतीयोग्य जमीन घट्दो क्रम बढिरहेको छ, जसले गर्दा समग्र उत्पादन र उत्पादकत्व बढ्न सकिरहेको छैन । यसै सन्दर्भमा बगरमा परिणत भएका नदी/खोला किनारका जग्गाहरुलाई उपयोग गरी भूमीहिन र न्यून आय भएका कृषकहरुलाई बगरमा तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने गरी कृषकहरुको जीवनस्तर सुधार गर्ने उद्देश्यले जोरायल गाउँपालिका डोटीले आ.व. २०८०/०८१ मा बगरखेती कार्यक्रमलाई बिशेष महत्व दिई बजेट बक्तव्य मार्फत कार्यक्रम सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरेको थियो र पुनः चालु आ.व. को स्वीकृत कार्यक्रममा बगरखेती प्रवद्धनका लागि बजेट बिनियोजन भएको हुँदा सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" तयार गरिएको छ ।

रिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि जोरायल गाउँपालिका गाउँकार्य पालिकाबाट स्वीकृत भएको मितिवाट जोरायल गाउँपालिका भर लागू हुनेछ ।

(३) यस आ.ब. २०८०/०८१ मा वगर खेती कार्यक्रम जोरायल गाउँपालिका वार्ड नं ४ लक्ष्मीनगर डोटीमा संचालन गरिने छ। आगामी आ.व.हरुमा कार्यक्रम संचालन गरिने वडाहरु वार्षिक कार्यक्रममा उल्लेख भएमा सोही वमोजिम र नभएमा विकास साझेदार संघसंस्थाहरुको सहकार्यमा सो कार्यक्रम संचालन गर्ने गरि जोरायल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले केन्द्रले तोक्ने छ ।

२. परिभाषा: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "बगर खेती कार्यक्रम" (Riverbed/River Bank Farming Program) भन्नाले नदी/खोला किनारका खेर गैरहेका



जोरायल गाउँपालिका

बगरमा संचालन गरिने तरकारी खेती/उत्पादन तथा विक्री वितरण भन्ने बुझ्नु पर्दछ ।

(ख) “बगर” भन्नाले नदी/खोला किनारको उकास जमीन भन्ने बुझ्नु पर्दछ ।

“(ग) तरकारी खेती” भन्नाले नदी/खोला किनारका बगरहरुमा लगाइने तरकारी बालीहरु जस्तैः तर्भुज,लौका, घरौला, फर्सी, काक्रा, करेला, खरबुजा,जस्ता लहरे तरकारी वालिको भन्ने बुझ्नु पर्छ ।३. उद्देश्यः (१) यस कार्यक्रमका उद्देश्यहरु देहाय वमोजिम रहेको छन् -

(क) नदी/खोला किनारको बलौटे उकास जग्गाको सदुपयोग गरी तरकारीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(ख) न्यून आय  भएका र भूमीहीन कृषकहरुलाई रोजगारी तथा आय आर्जनको अवसरहरु श्रृजना गरि  जिवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

परिच्छेद-२

बगर खेती कार्यक्रम
तथा कार्यक्रम सञ्चालन
विधि

४.बगर खेती कार्यक्रम सञ्चालन गर्ने निकाय तपसिल बमोजिम रहनेछ ।

- यस कार्यविधि अन्तर्गत बगरमा तरकारी



जोरायल गाउँपालिका

उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

- यस कार्यक्रम संचालनमा प्रर्वनात्मक, अनुगमन तथा क्षमता विकास लगायतका क्रियाकलापहरु जोरायल गाउँपालिका कृषि विकास शाखा रावतकट्टे डोटीले गर्नेछ ।

- सम्बन्धित कृषि विकास शाखाको शहकार्यमा आवश्यकताको आधारमा अनुदान रकम उपलब्ध गराउनुको साथ साथै अभिमूखिकरण गोष्ठी, वजार व्यवस्थापन गोष्ठी, स्थलगत तालिम संचालन गरि सो कार्यक्रमहरुको अनुगमन निरिक्षण कार्य गर्नेछ ।

- बगर खेती कार्यक्रम तोकिएको वडामा कृषि विकास शाखा मार्फत संचालन हुनेछ ।

५. <u>बगर </u>खेती कार्यक्रमको लागि कृषक समूह/कृषि सहकारी/कृषि फर्म/ कृषि कम्पनी तथा क्लष्टर छनौटका आधारहरुः

❖

गर खेती गरिने स्थल नदी/खोला
किनार आसपासको उकास वा बगर
हुनुपर्नेछ ।

❖

र्यक्रममा भूमीहिन, न्यून आय भएका तथा सामाजिक रुपमा पछाडि पारिएका वर्गलाई विशेष प्राथमिकता दिईनेछ ।

❖

गत वर्ष देखि बगरमा तरकारी खेती गर्दै आएका कृषक समूहको हकमा दफा ७ मा तोकिए बमोजिम थप क्षेत्र विस्तार भएको हुनु पर्नेछ  भने पहिलो पटक बगरमा तरकारी खेती गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथा कृषि कम्पनी पनि यस कार्यक्रममा संलग्न हुन सक्नेछन् ।

❖

गर खेती आफ्नै जमीन, भाडा वा करारमा लिइएको जमीनमा गर्न सकिनेछ ।

❖ यो कार्यक्रम नदी/खोला किनारको आसपासको कृषक समूह, कृषि सहकारी, कृषि फर्म तथाकृषि कम्पनी  मार्फत कलष्टरमा संचालन गरिनेछ ।

❖ बगर खेती कार्यक्रम संचालनका लागि सम्बन्धित कृषि विकास शाखाले जमीनको उपलब्धता, बगर खेतीको

जोरायल गाउँपालिका

व्यवसायीकरणको संभावना लगायत अन्य आवश्यक मापदण्ड तयार गरि सोको आधारमा सम्वन्धित वडा कार्यालय सँग समन्वय गरि क्लषटर छनौट गरिनेछ ।

६. बगर खेती कार्यक्रम संयोजक र नीजको दायित्वः

- वगर खेती कार्यक्रमको संयोजन कृषि विकास शाखामा कार्यरत कर्मचारीहरुले गर्नेछन्।
- कृषि विकास शाखा बाट १ जना संयोजक छनौट गरिनेछ ।
- कार्यक्रम संयोजकको दायित्व देहाय बमोजिम हुनेछ -
    - जोरायल गाउँपालिकावाट छनौट भएका क्लष्टरहरुमा बगर खेती कार्यक्रम संचालन गर्ने।
    - जोरायल गाउँपालिकामा बगर खेतीमा देखिएको समस्या हेरी सम्वन्धित विषय विशेषज्ञ, स्थानीय तह र कृषि ज्ञान केन्द्रको सहयोगमा प्राविधिक सेवाटेवा, निरीक्षण, अनुगमन, समस्या समाधान जस्ता कार्यहरु गर्ने ।
    - सम्पन्न कार्यहरुको अभिलेख राख्नुपर्नेछ र निर्दिष्ट फर्मेटमा जोरायल गाउँपालिका तथा विकास साझेदार संघसंस्थाहरुमा समय

जोरायल गाउँपालिका

समयमा प्रगति प्रतिवेदन पेश गर्ने ।

- क्लष्टरका कृषक र विमा कम्पनीका वीचमा बगरमा गरिएको तरकारीको विमाका लागि समन्वयात्मक भूमीका निर्वाह गर्ने।

## ७. बगर खेती कार्यक्रम संचालन

## प्रक्रियाः

- स्वीकृत कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि सम्बन्धित कृषि विकास शाखाले कार्यक्रम संचालन/कार्यान्वयन गर्नेछ ।
- सम्बन्धित कृषि विकास शाखले बगरखेती कार्यक्रम कार्यान्वयनका लागि क्लष्टर छनौट गरी कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी लाई जानकारी गराई कार्यक्रम कार्यान्वयनका लागि परिचालन गर्नु पर्नेछ ।
- छनौट गरीएका कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा सहकारीसंग अनुसूची १ मा उल्लेखत भएको ढाँचामा संझौता गरी स्वीकृत कार्यक्रम अनुसारका क्रियाकलापहरु कार्यान्वयन तथा संचालन गर्नुपर्नेछ ।

जोरायल गाउँपालिका

- यस कार्यक्रममा सहभागी हुन चाहने कृषि फार्म, कृषि कम्पनी, कृषक समूह तथा सहकारीले कम्तीमा प्रति क्लष्टर ५ रोपनी क्षेत्रफल बगरमा तरकारी खेती गर्नुपर्नेछ ।
- छनौट गरिएका क्लष्टरलाई आबश्यक्ता र मागको आधारमा यस कार्यक्रम मार्फत तालिका १ अनुसार प्रति क्लष्टर वढिमा **एक लाख तीस हजार अनुदान रकम** उपलब्ध गराइनेछ । छनौट गरिएका क्लष्टरले उत्पादन सामाग्रीहरु खरिद गरि कार्य प्रारम्भ गर्नु पर्नेछ र वगरमा वाली स्थापित भएपछि कार्य सम्पादनको आधारमा **वढिमा ५० प्रतिशत रकम** पहिलो किस्ता वापत भुक्तानी गरिनेछ ।
- **तालिका १ अनुदान प्रवाह सम्वन्धि विवरण**

| क्र स | विवरण | |
|---|---|---|
| १ | तरकारीको वीउ वितरण | आवश्यक्ता अनुसा |
| २ | सिंचाई व्यवस्थापन सामाग्री सहयोग | २ एच.पि. को पा आदी |
| ३ | वजार व्यवस्थापन सामाग्री सहयोग | क्रेट, तराजु आदी |
| ४ | रासायनिक विषाधि वाहेकका अन्य वैकल्पिक वाली मोहिनी | मोहनि पासो जैवि |



जोरायल गाउँपालिका

| | | |
|---|---|---|
| | पासो, जैविक विषाधी, कलर ट्र्याप आदी | |
| ५ | संरक्षणका विधिहरूको लागि सहयोग | |
| ६ | विषाधि प्रयोग गर्ने उपकरण सहयोग | व्याट्रिवाट चल्ने स |
| ७ | तरकारी वालीको लागि स्थानियस्तरमा उपलब्ध आवश्यक्ता अनुसार सामाग्रीवाट अस्थायी घेरवार तथा छापो | आवश्यक्ता अनुसा |
| ८ | वगर जग्गा करार वा भाडामा लिने (आवश्यक भएमा) | प्रति क्लष्टर वढिम वजारीकरण सम्वि दिने |
| ९ | वजारीकरणको लागि प्रति रोपनी अनुदान नगद रु ५००० | उत्पादन तथा बज सकेपछि भुक्तानि |

➢पालिका स्तरिय अनुगमन समिति तथा कृषि विकास शाखाका कर्मचारीहरुले फिल्ड अनुगमन गरि सकेपछि अनुगमन प्रतिवेदनका आधारमा सम्झौता अनुसार सम्पादित क्रियाकलापको लागि वाँकी अनुदान रकम भुक्तानी गरिनेछ ।

➢यस कार्यक्रम अन्तर्गत छनौट भएका कृषक समूहले बसन्ते तरकारी वालीहरु जस्तैः लौका, घिरौला, फर्सी, जुकीनी, काँक्रो, तरबुजा, खरबुजा, परवर, करेला तथा अन्य लहरे तरकारी वालीको खेती गर्नुपर्नेछ।



जोरायल गाउँपालिका

➢ कार्य सम्पन्न प्रतिवेदन: (१) कृषि विकास शाखले यस जोरायल गाउँपालिकामा संचालित बगर खेती कार्यक्रमको प्रगति प्रतिवेदन कम्पाईल गरी अनुसूची २ अनुसारको मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिवेदन तयार गरि सम्वन्धित विकास साझेदार सरकारी तथा गैर सरकारी तोकिएको समय भित्र पेश गर्नुपर्नेछ ।

परिच्छेद-३

विविध ९. अनुगमन तथा मूल्याकन व्यवस्थाः (१) जोरायल गाउँपालिका प्रमुख उप प्रमुख विषयगत शाखा का प्रमुख एवं प्रतिनिधिहरु यस सुदूरपश्चिम प्रदेश अन्तरगत रहेको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र यस जोरायल गाउँपालिका मा कार्यक्षेत्र बनाई काम गरि रहेका विभिन्न विकास साझेदार संघ संस्थाहरुबाट नियमित अनुगमन गरिनेछ ।

१०. कारवाहीको व्यवस्थाः (१) कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कारवाही हुनेछ ।

११. प्रचलित कानून लागू हुनेः (१) बगर खेती कार्यक्रम

कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

१२. बाली बिमाः (१) हरेक कृषक/कृषक समूह तथा सहकारीले आवश्यक्ताको आधारमा वाली विमा गर्न सक्नेछन्। १३. कार्यबिधि संशोधन, परिमार्जन तथा खारेजी:

- कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यस कार्यबिधिमा आवश्यक परिमार्जन, संशोधन एवं खारेजी गर्न सक्नेछ ।
- यस कार्यविधिको प्रारम्भसँगै "वगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" स्वत खारेज हुनेछ ।

जोरायल गाउँपालिका

# अनुसूची १

(कार्यविधिको दफा ८ (१) संग सम्बन्धित ) बगर खेती कार्यक्रम संचालनको लागि गरिने सम्झौता - पत्र

जोरायल गाउँपालिका डोटीको आर्थिक सहयोगमा ..................... मार्फत संचालन गरिने चालु आ.व. ०८०।०८१ को बगर खेती कार्यक्रम संचालन गर्न जोरायल गाउँपालिका पहिलो पक्ष भनिने), र ........................................... कृषि फार्म/कृषि कम्पनी/कृषक समूह/कृषि सहकारी (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपसिलका शर्तहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती गरिएको छ ।

१. दोश्रो पक्षले बगरमा तरकारी खेती गर्नका लागि कम्तीमा ५ रोपनी क्लष्टर बनाई लहरे तरकारी खेती गर्नुपर्नेछ।

२. पहिलोपक्षले बगरखेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० परिच्छेद २ को दफा ७ (ङ) अनुसारको उत्पादन सामाग्रीको लागि सम्पादित क्रियाकलाप अनुसार अनुदान रकम वगरमा वाली स्थापित भए पछि कार्य सम्पादनको

आधारमा वढिमा ५० प्रतिशत पहिलो किस्ता वापत र वाँकी रकम कार्यक्रम सम्पन्न भईसके पछि भुक्तानी गर्नेछ र कार्यक्रम अनुसार घुम्ती तालिम संचालन गर्नेछ ।

३. पहिलो पक्षवाट दोश्रो पक्षलाई बगर खेती सम्बन्धी आवश्यक प्राविधिक सेवा सल्लाह प्रदान गरिनेछ ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन निरीक्षण गर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा पर्न सक्ने कुनै पनि प्राकृतिक प्रकोप / भवितव्यको पूर्ण जिम्मेवारी दोश्रोपक्ष स्वयं आफै हुनेछ । यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

**पहिलो पक्षको तर्फवाट**

**दोश्रो पक्षको तर्फबाट**

नामः

समूह सहकारी फर्मको नामः

पदः

उद्यमीको नामः

दस्तखतः



जोरायल गाउँपालिका

पदः

मितिः

दस्तखतः

कार्यालयको छापः

मितिः

संस्थाको छापः

**अनुसूची -**

२(कार्यविध

को दफा ८

(१) संग

सम्बन्धित )

बगर खेती कार्यक्रमको प्रगती विवरण पठाउने

फारामको ढाँचा

१. ना

मः

२. ठे

गा



जोरायल गाउँपालिका

ना:

३. आ
.
व
.

४. प्रगति
प्रतिवे
दन
अवधी
:
चौमा
सिक/
वार्षि
क

| क्र स | कृषकको नाम | तरकारी वालिको नाम | क्षेत्रफल (हेक्टर) | उत्पादन (प्रति मे.टन) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

जोरायल गाँउपालिका

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रति ईकाई उत्पादित तरकारीको स्थानिय बजारमा
विक्री मूल्यः

१.................
२......................    ३..............................

नामः..........................
ठेगानाः.........................
मितिः............................

जोरायल गाउँपालिका

**आज्ञाले**

........................

प्रमुख प्रशासकीय अधिकृत

जोरायल गाउँपालिका